बीमा समिति
BEEMA SAMITI
नेपालको बीमा नियमनकारी निकाय
Insurance Regulatory Authority of Nepal

मिति:२०७९/०३/२०

परिपत्र नं.०८/२०७८/०७९
बी.स.३१० /२०७८/०७९ च.नं. ५७९६

श्री इजाजतपत्र प्राप्त सबै बीमा कम्पनीहरु

विषय:- परिपत्र ।

यस समितिबाट बीमकहरु गाभ्ने, गाभिने तथा प्राप्ति सम्बन्धी प्रक्रियालाई व्यवस्थित गर्न मिति २०७९/०३/०६ मा जारी भएको गाभ्ने, गाभिने तथा प्राप्ति सम्बन्धी परिपत्रको बुदाँ ६ (क) को प्रतिबन्धात्मक वाक्यांशमा उल्लेख भएको "गाभ्ने गाभिनेमा कार्यमा संस्थाका सञ्चालक समितिका अध्यक्ष वा लेखापरीक्षण समितिका संयोजक उक्त समितिको सदस्य हुन पाइने छैन।" भन्ने व्यवस्था हटाइएको तथा कर्मचारी व्यवस्थापन सम्बन्धमा निम्नलिखित बुदाँ नं. ११ को व्यवस्था थप गरिएको छ।

११. गाभ्ने, गाभिने संस्थाका कर्मचारीहरुको व्यवस्थापन गर्दा निम्न विषयमा ध्यान दिनुपर्नेछ:-

क) गाभ्ने, गाभिने संस्थाका कर्मचारीहरुलाई गाभिएर कायम हुने बीमकमा निजहरुले साविकमा रहेको पद अनुसारको तह वा श्रेणी भन्दा कम नहुने गरी पदमिलान गर्नुपर्नेछ।

ख) गाभ्ने, गाभिने संस्थाका कर्मचारीहरुको गाभिएर कायम हुने बीमकका कर्मचारीलाई कुनै मर्का नपर्ने गरी र निजहरुले साविकमा खाईपाई आएको तलब, भत्ता तथा सुविधा भन्दा नघट्ने गरी व्यवस्था गर्नु पर्नेछ ।

ग) गाभ्ने, गाभिने संस्थाका कर्मचारीहरुको गाभिएर कायम हुने बीमकमा कार्यरत हुन इच्छुक नरहेका व्यवस्थापकीय तथा अन्य कर्मचारीहरुको हकमा उपयुक्त सुविधा सहितको स्वेच्छिक अवकाशको योजना बनाई लागु गर्नु पर्नेछ ।

(राजुरमण पौडेल)
कार्यकारी निर्देशक

बोधार्थ:
श्रीमान् अध्यक्षज्यूको सचिवालय, बीमा समिति ।

पो.ब.नं. २१७२, ललितपुर-१०, कुपण्डोल, नेपाल, फोन: ०१-५५२१०७९, ५५३८७४३, फ्याक्स: ०१-५५२०११९, टोल फ्रि नं.: १६६०-०१-५६७८९
P.O. Box No.: 2172, Lalitpur-10, Kupandole, Nepal, Phone: 01-5521079, 5538743, Fax: 01-5520119, Toll Free No.: 1660-01-56789
Website: www.nib.gov.np, E-mail: info@nib.gov.np